**कन्ट्री कोअर्डिनेटिङ मेकानिजम नेपाल (Country Coordinating Mechanism Nepal – CCMN) का लागि सदस्यहरूको मनोनयन तथा निर्वाचन प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१**

प्रस्तावना: २०२४ अक्टोबर २८ मा संशोधन गरिएको Country Coordinating Mechanism- Nepal (CCMN) को नियमावली (Rules of Business) को मूल मर्मलाई आत्मसात गर्दै, मुख्यतया उक्त नियमावलीको नियम ६.१२ मा उल्लेखित CCM सदस्यहरूको मनोनयन र निर्वाचन सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न, CCMN को कार्यसमितिद्वारा मिति २०२४ नोभेम्बर १४ मा गठित निर्वाचन समितिले CCMN सदस्यहरूको मनोनयन र निर्वाचन प्रक्रियालाई पारदर्शी, निष्पक्ष, र विधिसम्मत बनाउन गठित निर्वाचन समिति द्वारा CCMN को कार्यसमितिको स्वीकृतिमा यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "कन्ट्री कोअर्डिनेटिङ मेकानिजम नेपाल (Country Coordinating Mechanism Nepal – CCMN) का लागि सदस्यहरूको मनोनयन तथा निर्वाचन प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१” रहेको छ।

(ख) यो कार्यविधि तुरून्त लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "CCMN" भन्नाले Country Coordinating Mechanism- Nepal लाई जनाउँछ, जसले ग्लोबल फण्डको अनुदानबाट संचालित कार्यक्रमहरूको योजना, अनुगमन, तथा व्यवस्थापनलाई पारदर्शी, समावेशी, र प्रभावकारी बनाउने संयन्त्रका रूपमा कार्य गर्छ।

(ख) "SR (Sub-Recipient) " भन्नाले ग्लोबल फन्डबाट अनुदान प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने संस्था वा निकाय सम्झनु पर्छ।

(ग) "आचारसंहिता" भन्नाले CCM सदस्यहरूका लागि स्वीकृत नैतिक र व्यवहारिक मानकहरू सम्झनु पर्छ।

(घ) "उम्मेदवार" भन्नाले CCM सदस्य पदको लागि तोकिएको योग्यता पूरा गरी निर्वाचनमा भाग लिन मनोनयन फारम पेश व्यक्ति सम्झनु पर्छ।

(ङ) "नियमावली अर्थात RoB" भन्नाले CCMN सञ्चालन, तथा व्यवस्थापन कार्यहरूलाई मार्गदर्शन गर्न विकसित गरिएको लिखित Rule of Business लाई जनाउँछ।

(च) "निर्वाचन परिणाम" भन्नाले निर्वाचन समितिद्वारा औपचारिक रूपमा घोषणा गरिने अन्तिम मतगणनाको नतिजा सम्झनु पर्छ।

(छ) "निर्वाचन समिति" भन्नाले CCM नेपालद्वारा गठित समिति सम्झनु पर्छ, जसले सदस्यहरूको मनोनयन र निर्वाचन प्रक्रिया सञ्चालन, अनुगमन, र व्यवस्थापनको जिम्मेवारी वहन गर्छ।

(ज) "निर्वाचन" भन्नाले CCM सदस्यहरूको चयन प्रक्रिया सम्झनु पर्छ, जसमा मतगणना, नतिजा घोषणा, र प्रमाणिकरण समावेश छ।

(झ) "प्रमाणिकरण" भन्नाले निर्वाचन समितिद्वारा घोषित नतिजालाई वैधता दिने प्रक्रिया सम्झनु पर्छ

(ञ) "मतदाता" भन्नाले CCM निर्वाचन प्रक्रियामा उम्मदेवारको रुपमा निर्वाचनमा भाग लिन मनोनयन फारम पेश गरेका र तोकिएको योग्यता पुरा गरेका मतदान गर्ने अधिकार प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ।

(ट) "मतदान" भन्नाले मतदानको विधि सम्झनु पर्छ, जसमा मतदाता आफ्नो मत गोप्य रूपमा दिन पाउँछ।

(ठ) "मनोनयन" भन्नाले सम्बन्धित निकायले योग्य उम्मेदवारलाई CCM सदस्य पदका लागि प्रस्ताव गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ड) "विवाद समाधान" भन्नाले निर्वाचन वा मनोनयन प्रक्रियामा उत्पन्न विवादहरूको निरूपण गर्ने व्यवस्था सम्झनु पर्छ।

(ढ) "सचिवालय" भन्नाले CCM नेपालको कार्यसम्पादनलाई सहज बनाउने कार्यकारी निकाय सम्झनु पर्छ, जसले सम्पूर्ण व्यवस्थापन, संचार, र समन्वयको जिम्मेवारी लिन्छ।

(ण) "स्वघोषणा पत्र" भन्नाले उम्मेदवारद्वारा पेश गरिने आधिकारिक लिखित प्रमाण सम्झनु पर्छ, जसले कानूनी र नैतिक मापदण्डहरू पूरा गरेको घोषणा गर्छ।

(त) "स्वार्थको द्वन्द्व" भन्नाले व्यक्तिगत वा संस्थागत स्वार्थका कारण निष्पक्ष निर्णयमा बाधा पुग्न सक्ने अवस्था सम्झनु पर्छ।

## परिच्छेद-२

निर्वाचन समिति गठन, निर्वाचन तथा मनोनयन र CCMN को संरचना

३. निर्वाचन समिति गठनः (१) तद् अनुसार सन् २०२४ नोभेम्बर १४ तारिखमा बसेको CCMN कार्यसमितिको बैठकले देहाय बमोजिमका पदाधिकारीसहितको निर्वाचन समिति गठन गरेको छः

i. डा. गुण निधि शर्मा, CCM वैकल्पिक सदस्य, वरिष्ठ स्वास्थ्य प्रशासक, स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -अध्यक्ष

i. श्री ईभाना लोहार, द्विपक्षीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने CCM वैकल्पिक सदस्य र परिवार नियोजन, एचआईभी, आपूर्ति श्रृंखला व्यवस्थापन, तथा सामाजिक बजार व्यवस्थापन (USAID) का टोली नेतृ -सदस्य

i. डा. सुप्रिया शर्मा, शैक्षिक क्षेत्रको प्रतिनिधित्व गर्ने CCM वैकल्पिक सदस्य र उप प्राध्यापक, त्रिभुवन विश्वविद्यालय माइक्रोबायोलोजी केन्द्रीय विभाग -सदस्य

४. CCMN को संरचनाः (१) नियमावली (Rules of Business - RoB) को दफा ६.८ बमोजिम, CCMN मा देहायबमोजिम १९ मुख्य सदस्य र १९ वैकल्पिक सदस्य रहने व्यवस्था गरिएको छः

i. नेपाल सरकार (The Government of Nepal)

(१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिव र स्वास्थ्य समन्वय महाशाखा प्रमुख) - २ सिट

(२) अर्थ मन्त्रालय - १ सिट।

(३) गृह मन्त्रालय - १ सिट।

(४) अन्य सम्बन्धित मन्त्रालय वा सार्वजनिक निकाय (सरकारी प्रतिनिधिहरूद्वारा चयन गरिने) - १ सिट
(५) प्रदेश स्वास्थ्य मन्त्रालयका प्रतिनिधि - १ सिट
(नोट: सबै निकायबाट मुख्य र वैकल्पिक गरि दुई जना सदस्य रहने)

ii. नागरिक समाज (Civil Society)
(१) गैरसरकारी संस्था (NGOs) र समुदायमा आधारित संस्था (CBOs) - २ सिट
(२) रोगबाट प्रभावित व्यक्ति (People living with or affected by the diseases) - ३ सिट
(३) मुख्य समूह (Key populations) - ४ सिट
(नोट: सबै निर्वाचन क्षेत्रबाट मुख्य र वैकल्पिक गरि दुई जना सदस्य रहने)

iii. बहुपक्षीय र द्विपक्षीय स्वास्थ्यका विकास साझेदार (Multilateral and Bilateral/ Health Development Partners)
(१) बहुपक्षीय (Multilateral) - १ सिट
(२) द्विपक्षीय (Bilateral) - १ सिट
(नोट: सबै निकायबाट मुख्य र वैकल्पिक गरि दुई जना सदस्य रहने)

iv. निजी क्षेत्र (Private Sector)
(१) लाभदायक संस्था (Profit-making organizations) - १ सिट
(नोट: मुख्य र वैकल्पिक गरि दुई जना सदस्य रहने)

v. शैक्षिक संस्था/अनुसन्धान गर्ने निकाय (Academia/Research Institutes):
(१) सरकारी/गैरसरकारी शैक्षिक संस्था वा अनुसन्धान गर्ने निकाय - १ सिट
(नोट: मुख्य र वैकल्पिक गरि दुई जना सदस्य रहने)

५. निर्वाचन तथा मनोनयनः (१) निजी क्षेत्र (Private Sector), शैक्षिक संस्था तथा अनुसन्धान गर्ने निकाय (Academia/Research Institutions), नागरिक समाज (Civil Society) अन्तर्गत गैरसरकारी संस्था (NGOs) र समुदायमा आधारित संस्था (CBOs), रोगबाट प्रभावित व्यक्ति (People living with or affected by the diseases), र मुख्य समूह (Key populations) का प्रतिनिधि गरी जम्मा ११ जना सदस्य निर्वाचन प्रक्रियाबाट चयन गरिनेछ।

(२) नेपाल सरकार (Government) अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, अन्य सम्बन्धित मन्त्रालय वा सार्वजनिक निकाय, प्रदेश स्वास्थ्य मन्त्रालयका प्रतिनिधि, बहुपक्षीय र द्विपक्षीय स्वास्थ्यका विकास साझेदार (Multilateral and Bilateral/Health Development Partners) का प्रतिनिधिहरू गरी जम्मा ८ सदस्य मनोनयन प्रक्रियाबाट चयन गरिनेछ।

## परिच्छेद-३

निर्वाचन प्रक्रिया

६. उम्मेदवारी आह्वानः (१) दुई हप्ताको समयसिमा तोकी राष्ट्रिय दैनिक पत्रिकामा उम्मेदवारी आह्वान गरिनेछ।

(२) आह्वान गरिएको अन्तिमदिनसम्म नेपाल सरकारले तोकेको कार्यालय समयभित्र प्राप्त आवेदनहरूको आधारमा उम्मेदवारहरूको अन्तिम सूची तयार गरिनेछ।

(३) RoB र CCM नेपालले तोकेको मापदण्ड अनुसार निर्वाचन समितले उम्मेदवारको न्यूनतम मापदण्ड पुगे नपुगेको जाँच गर्नेछ।

(४) देहायको अवस्थामा उम्मेदवारको आवेदन रद्द हुनेछः

i. एकभन्दा बढी क्षेत्रमा उम्मेदवारी दर्ता गरेमा कुनै एकको लागि मात्र मान्य हुने,
ii. उपदफा ४(ख) अनुसार निर्वाचन समितिले तोकेको सीमाभित्र उम्मेदवारले कुनै एक क्षेत्रबाट उम्मेदवारी फिर्ता नलिएमा सबै क्षेत्रको लागि उम्मेदवारी रद्द हुने,
iii. तोकिएको न्यूनतम मापदण्ड पूरा नभए स्वतः आवेदन रद्द हुने,
iv. अन्य मापदण्डहरू RoB अनुसार हुने,

७. नामावली प्रकाशनः (१) दफा ६(३) अनुसार निर्वाचन समितिले न्यूनतम मापदण्ड पुगेका उम्मेदवारहरूको अन्तिम सूची वेभसाईटमार्फत सार्वजनिक गर्नेछ।

(2) उपदफा (१) अनुसारका उम्मेदवार उपर विरोध दर्ता गर्न वा उम्मेदवारले उम्मेदवारी फिर्ता लिन समयसीमा तोकी सूचना जारी गर्नेछ।

(3) उपदफा (२) उपर कुनै विरोध दर्ता नभएमा वा कुनै पनि उम्मेदवारले उम्मेदवारी फिर्ता नगरेमा सो लाई नै अन्तिम सूची मानिनेछ।

(4) उपदफा (३) अन्तर्गत कुनै विरोध दर्ता भएमा वा कुनै उम्मेदवारले उम्मेदवारी फिर्ता लिएमा सो को जाँचबुझ गरी निर्वाचन समितिले उम्मेदवारको अन्तिम सूची सार्वजनिक गर्नेछ।

(5) नामावली प्रकाशन गर्दा अनुसूची-१ मा देखाईएको नमुना नामावली प्रकाशन अनुसार उम्मेदवारहरूको वर्णानुक्रमअनुसार नामावली प्रकाशन गरिनेछ।

८. सर्वसम्मतिको प्रयास गरिनेः (१) यस कार्यविधिको दफा ५(१) अन्तर्गतका सदस्यहरू चयन गर्न निर्वाचन समितिले सर्वसम्मतिको लागि प्रयास गर्नेछ।

(2) उपदफा (१) अनुसार सर्वसम्मतिको लागि निर्वाचन समितिले मुख्य र वैकल्पिक उम्मेदवारहरूको जुम (Zoom) मार्फत संयुक्त वैठक गरी सबै पदहरूमा सर्वसम्मतिको प्रयास गर्नेछ।

(3) उपदफा (२) अनुसार सर्वसम्मति हुन नसकेमा सर्वसम्मति हुन नसकेका पदहरूको लागि निर्वाचन समितिले निश्चित मिति तोकी निर्वाचनको आह्वान गर्नेछ।

९. प्रचार-प्रसारः (१) दफा ८(३) अनुसारका उम्मेदवारहरूलाई मतदातासमक्ष आफ्नो एजेण्डा प्रस्तुत गर्न एक दिनको समय दिइनेछ।

(2) उपदफा (१) अनुसार उम्मेदवारले प्रचार प्रसार गर्दा मतदातालाई कुनै पनि प्रकारको प्रलोभन देखाउन पाउने छैनन् र आफ्ना एजेण्डा प्रस्तुत गर्दा विशुद्ध विषयवस्तुमा केन्द्रित रहि प्रचार प्रसार गर्नुपर्नेछ।

(3) उपदफा (२) अनुसार निर्वाचन आचारसंहिताको पालना गर्नुपर्नेछ र यदि कुनै उम्मेदवारले आचारसंहिता विरूद्धका कार्यहरू गरेको पाईएमा निर्वाचन समितिले जाँचबुझ गरी त्यस्ता उम्मेदवारको उम्मेदवारी खारेज गर्न सक्नेछ।

१०. निर्वाचन आचारसंहिताः (१) उम्मेदवारले दफा ९(१) अनुसार प्रचार-प्रसार गर्दा देहायबमोजिमका निर्वाचन आचारसंहिताहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

i. उम्मेदवारले निर्वाचन समितिले तय गरेको मिति र समयभित्र मात्रै प्रचार-प्रसार गर्न पाउने,
ii. मतदातालाई पैसा, उपहार वा अन्य सामाग्री, जागिर लगायतका कुनै पनि प्रलोभन दिन नपाउने,
iii. उम्मेदवारले धार्मिक, साम्प्रदायिक, भाषिक, राजनैतिक लगायतका कुनै पनि प्रवृत्तिको प्रचार-प्रसार गर्न नपाउने,
iv. उम्मेदवारले एक-अर्काको सम्मान गर्दै शान्तिपूर्ण प्रतिस्पर्धा गर्नुपर्ने
v. मतदातालाई कुनै पनि प्रकारको दबाव दिन नपाईने,
vi. निर्वाचन समितिले समय र परिस्थिति हेरी तय गरेका अन्य आचारसंहिताहरू पालन गर्नुपर्ने।

१३. मतदानको मिति र स्थान : निर्वाचन समितिले तोके बमोजिम हुने छ, जुन मतदाताहरु लाइ अग्रिम जानकारी गराइने छ |

१४. मतदान विधि

भौतिकरुपमा उपस्थित भइ वा व्हाट्सएप नम्बर वा इमेल वा निर्वाचन समितिले तोकेको अन्य कुनै बिधिबाट मतदान गर्न सकिने छ |

१४.१. भौतिकरुपमा उपस्थित भइ गरिने मतदान : यदि कोहि मतदाताले भौतिकरुपमा उपस्थित भएर मतदान गर्न चाहेमा सो को अग्रिम जानकारी गराउनु पर्ने छ र तोकिएको मिति र स्थानमा आफ्नो परिचय खुल्ने नागरिकता वा राष्ट्रिय परिचयपत्र वा राहदानी सहित ऊपस्थित हुनु पर्ने छ र उक्त क्रममा हुने खर्चमा सिसिम नेपाल वा निर्वाचन समिति जिम्मेबार हुने छैन |

सबै भौतिकरुपमा उपस्थित भइ मतदान गर्न चाहाने आवेदकहरूलाई मतपत्र निर्वाचन समितिबाट निर्वाचन स्थानमा उपलब्ध गराइने छ । मतपत्रमा निर्वाचन क्षेत्रको विवरण, क्रमांक, मुख्य र वैकल्पिक सदस्यलाई मतदान गर्ने खालि ठाउँ, र निर्वाचन समितिका अध्यक्षको हस्ताक्षर, सिसिएमको छाप समावेश सहितको हुनेछ। निर्वाचन क्षेत्रको विवरण, क्रमांक र मतदाता को नाम सहितको अर्धकट्टी निवाचन समिति संग हुने छ |

१४.२. व्हाट्सएप नम्बर वा इमेल वा निर्वाचन समितिले तोकेको अन्य कुनै बिधिबाट गरिने मतदान: सबै आवेदकहरूले आफ्नो व्हाट्सएप नम्बर वा इमेल ठेगाना आवेदन फारमसँग मेल नखाएको खण्डमा अद्यावधिक गर्न समयसीमा तोकी संदेश दिइनेछ । निर्वाचन समितिले तोकेको व्हाट्सएप नम्बर र फोन मा आवेदकको व्हाट्सएप नम्बरलाई नाम, निर्वाचन क्षेत्र, र अन्तिम आवेदन सूचीमा देखिएका क्रमांक र मुख्य (M) वा बैकल्पिक (A) सँग मिलाएर रेकर्ड राखिनेछ । व्हाट्सएप नम्बर बाट मतदान गर्न चाहने आवेदकहरूलाई मतपत्र निर्वाचन समितिबाट स्क्यान गरि पठाइने छ । मतपत्रमा निर्वाचन क्षेत्रको विवरण, क्रमांक, मुख्य र वैकल्पिक सदस्यलाई मतदान गर्ने खालि ठाउँ, र निर्वाचन समितिका अध्यक्षको हस्ताक्षर, सिसिएमको छाप समावेश सहितको हुनेछ। निर्वाचन क्षेत्रको विवरण, क्रमांक र मतदाताको नाम सहितको अर्धकट्टी निवाचन समिति संग हुने छ | उम्मेदवारहरूले स्क्यान गरिएको ब्यालोट पेपर आफ्नो दर्ता गरिएको व्हाट्सएप नम्बर वा इमेलबाट निर्दिष्ट समयसीमाभित्र बुझाउन सक्नुहुनेछ। यदि प्रिन्ट र स्क्यान गर्न नसकेमा ब्यालोट पठाइएको म्यासेजको तल रिप्लाई गर्दै मतदान गर्न चाहेको उम्मेदवारको नाम थर र आइ डी ( निर्वाचन समितिले उपलब्ध गराए बमोजिम) उल्लेख गरि निर्दिष्ट समयसीमाभित्र पठाउन सकिनेछ । यदि कुनै मतदाताले मतदानको दिनभित्र आफ्नो मत डिलिट गरेमा उक्त मत गणना गरिने छैन।

व्हाट्सएप वा इमेलबाट प्राप्त भोटमा यदि उम्मेदवारको नाम र आइ डी नम्बर नमिलेमा एक alert सूचना पठाइनेछ र एक पटक आइ डी नम्बर सुधार गर्ने अवसर दिइने छ | Alert सूचना भोट आएको माध्यमबाट नै पठाइनेछ । यदि यसो गर्दा मतदाताले तोकिएको भोटिंग समय भित्र सुधार नगरेमा सो मतपत्र स्वत बदर मानिने छ ।

१५. मतगणना:

मतदान समाप्त भएपछि मतपेटिका र विधुतीय बिधि बाट प्राप्त मत सङ्कलन गरिने छ र निर्धारित स्थानमा मतगणना गरिनेछ, र यो प्रक्रिया पारदर्शी रहनेछ। मतगणना निर्वाचन समितिले म्यानुअल रूपमा गर्नेछ | प्रत्येक निर्वाचन क्षेत्रका अन्तिम मत परिणाम प्रकाशन गर्दा, उम्मेदवारहरूले प्राप्त गरेका मतहरूको संख्या र खेर गएको मतहरूको संख्या पनि पारदर्शिताको सुनिश्चितताका लागि साझा गरिनेछ।

१६. नतिजा घोषणा र प्रमाणिकरणः (१) दफा १३ अनुसार मतगणना सम्पन्न भएपश्चान निर्वाचन समितिले निर्वाचनको नतिजा घोषणा गर्नेछ।

२. निर्वाचनमा सबैभन्दा धेरै मत्र प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषणा गरिनेछ।

३. यदि कुनै पदमा एकभन्दा बढि उम्मेदवारले समान मत प्राप्त गरेमा निर्वाचन समितिले एकपटक पुनःमतदान गराउनेछ। दोस्रोपटक पनि समान मत प्राप्त गरेको अवस्थामा निर्वाचन समितिले गोलाप्रथाबाट उम्मेदवार चयन गर्नेछ।

४. विजयी उम्मेदवारलाई निर्वाचन समितिले आधिकारीक प्रमाणपत्र प्रदान गर्नेछ।

१७. यदि वैकल्पिक सदस्यको लागि कुनै आवेदन प्राप्त नभएमा, मुख्य सदस्यको पदका लागि निर्वाचित सदस्यपश्चात उच्चतम मत प्राप्त गर्ने महिला उम्मेदवार स्वतः वैकल्पिक सदस्यको रूपमा निर्वाचित हुनेछिन्।

१८. उपदाफा (५) अनुसार उच्चतम मत प्राप्त गर्ने महिला उम्मेदवार वैकल्पिक सदस्य बन्न अनिच्छुक देखिएमा अर्को उच्चतम मत प्राप्त गर्ने व्यक्ति वैकल्पिक सदस्य बन्न सक्नेछ।

१९. न्यायिक पुनरावलोकनः (१) यदि कुनै उम्मेदवार मतगणनाको नतिजाप्रति असन्तुष्टि भएमा मतगणना सम्पन्न भएको तीन दिन भित्र निर्वाचन समितिमा मतगणना पुनरावलोकन गर्न निवेदन दिन सक्ने छ।

(2) उपदफा (१) अनुसार प्राप्त निवेदन उपर निर्वाचन समितिले जाँचबुझ गरी निवेदन प्राप्त भएको सात दिनभित्र पुनः नतिजा सार्वजनिक गर्नेछ।

## परिच्छेद-४

विविध

२०. बाधा अड्काउ फुकाउः कार्यविधि कार्यान्वयनको क्रममा बाधा अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ निर्वाचन समितिले RoB अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा नसमेटिएका विषयको हकमा अधिकार प्राप्त निकायको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची - १**

Country Coordinating Mechanism Nepal (CCMN)

(दफा ७ (५) सँग सम्बन्धित)

नमुना मतदाता /उम्मेदवार नामावली

| आवेदक विवरण | | निर्वाचन क्षेत्र : क्षयरोग |
|---|---|---|
| मुख्य सदस्यका आवेदकहरु | | |
| नाम | थर | निर्वाचन समितिले दिएको युनिक आइ डी नम्बर |
| अबिशु | लामा | १०१ |
| बिनोद | केसी | १०२ |
| चिना | थापा | १०३ |
| दिपा | लामीछाने | १०४ |
| इरा | भट्ट | १०५ |
| बैकल्पिक सदस्यका आवेदकहरु | | |
| अनिल | थारु | १०६ |
| भारत | डाँगी | १०७ |
| चित्रा | भट्टराइ | १०८ |
| दिपक | थापा | १०९ |

## अनुसूची - २

Country Coordinating Mechanism Nepal (CCMN)

(दफा १४ (१ र २ )  सँग सम्बन्धित)

मतपत्रको नमुना

| | |
|---|---|
| सिसिएम निर्वाचन २०८१ | |
| निर्वाचन क्षेत्र : | |
| मतदाताको नाम : | |
| मतदाताको आइ डी नम्बर : | |
| मतपत्र बुझ्नेको हस्ताक्षर : | |
| निर्वाचन प्रमुखको हस्ताक्षर | |
| ............................................................................................................................................................ | |
| सिसिएम निर्वाचन २०८१ -मुख्य सदस्य | |
| निर्वाचन क्षेत्र : | |
| मतदाताको आइ डी नम्बर : | |
| मतदान गर्न चाहेको मुख्य सदस्यको उम्मेदवारको नाम | मतदान गर्न चाहेको मुख्य सदस्यको उम्मेदवारको आइ डी नम्बर |
| .................................................. | ..................................... |
| सिसिएम निर्वाचन २०८१ -वैकल्पिक  सदस्य | |
| मतदान गर्न चाहेको वैकल्पिक सदस्य उम्मेदवारको नाम | मतदान गर्न चाहेको वैकल्पिक  सदस्यको उम्मेदवारको आइ डी नम्बर |
| ................................................. | ....................................................................... |
| सिसिएम को छाप<br><br>..................................................................... | निर्वाचन प्रमुखको हस्ताक्षर<br><br>............................................................................ |

भरेको मतपत्रको नमूना ( रातो मा लेखिएको कसले भर्ने निर्देशन हो |)

| सिसिएम निर्वाचन २०८१ | |
|---|---|
| निर्वाचन क्षेत्र : | टीबी |
| मतदाताको नाम : | दिपा लामिछाने |
| मतदाताको आइ डी नम्बर : | १०४ (निर्वाचन समितिले भर्ने) |
| मतपत्र बुझ्नेको हस्ताक्षर : | (मतदाताले भर्ने) |
| निर्वाचन प्रमुखको हस्ताक्षर | (निर्वाचन समितिले भर्ने) |
| ................................................................................................................................ यहाँ च्याते | |
| सिसिएम निर्वाचन २०८१ -मुख्य सदस्य | |
| निर्वाचन क्षेत्र : | टीबी (निर्वाचन समितिले भर्ने) |
| मतदाताको आइ डी नम्बर : | १०४ (निर्वाचन समितिले भर्ने) |
| मतदान गर्न चाहेको मुख्य सदस्यको उम्मेदवारको नाम | मतदान गर्न चाहेको मुख्य सदस्यको उम्मेदवारको आइ डी नम्बर |
| इरा भट्ट (मतदाताले भर्ने) | १०५ (मतदाताले भर्ने) |
| सिसिएम निर्वाचन २०८१ -वैकल्पिक सदस्य | |
| मतदान गर्न चाहेको वैकल्पिक सदस्य उम्मेदवारको नाम | मतदान गर्न चाहेको वैकल्पिक सदस्यको उम्मेदवारको आइ डी नम्बर |
| दिपक थापा (मतदाताले भर्ने) | १०९(मतदाताले भर्ने) |
| सिसिएम को छाप<br>(निर्वाचन समितिले भर्ने)<br>.............................................................. | निर्वाचन प्रमुखको हस्ताक्षर<br>(निर्वाचन समितिले भर्ने)<br>.................................................................... |

समाप्त !